सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ४३९/२०७१/०७२
निर्णय नं. ७७९

जिल्ला काठमाण्डौ, कोटेश्वर-३५ बस्ने शारदा भुसाल (भा)......................................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, सडक विभाग बबरमहल, काठमाडौं ..............................................१ विपक्षी
सूचना अधिकारी, सडक विभाग बबरमहल, काठमाडौं ..............................................१

विषय :- सूचना दिनू भनिएकामा पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।

जिल्ला काठमाण्डौ, कोटेश्वर-३५ बस्ने शारदा भुसाल (भा)ले सडक विभाग बबरमहल, काठमाडौं समक्ष सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोगमा मिति २०७२।०२।२८ मा गरेको पुनरावेदकको सम्बन्धमा यस आयोगको मिति २०७२।०३।०६ को आदेश कार्यान्वयन सम्बन्धमा आयोगबाट मिति २०७२।०३।०८ च.नं.१४८१ को पत्रबाट सडक विभाग बबरमहल, काठमाडौंलाई पत्राचार गरिएको । तत् पश्चात सडक विभागको मिति २०७२।०३।२९ को पत्रबाट मातहत कार्यालयमा पत्राचार गरी निवेदकको माग अनुसार सूचना उपलब्ध गराउन निर्देशन भै गएको देखिन्छ । उक्त पत्राचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वंयले पनि कुनै निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पछि पुनरावेदकले सूचना पाईन भनी निवेदन/उजुरी गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तोमलीमा दर्ता गरी राख्नु ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल बैशाख ५ गते रोज १ शुभम् ।